# स्थानीय राजपत्र

## फिक्कल गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ४ संख्याः ४ मितिः २०७७।०३।०३

भागः २

## नदीजन्य वालुवा प्रशोधन सम्बन्धी कार्यलाई व्यवस्थित गर्न बनेको कार्यविधि, २०७७

गाउँकार्यपालिकाबाट स्वीकृत मिति : २०७७/०३/०३

प्रमाणित मिति : २०७७/०३/०३

फिक्कल गाउँपालिका भित्रका नदी खोलाहरुबाट उत्खनन् हुने वालुवा जन्य सामाग्रीको गुणस्तरीयता कायम गरी उत्खनन कार्यलाई दिगो रुपमा व्यवस्थित गर्न र नदिनालाहरु तथा स्थानीय पर्यावरण को समेत दिगो संरक्षण

गर्दे नदिजन्य सामाग्रीको अव्यवस्थित र अत्याधिक दोहन हुन नदिनका लागि नियन्त्रित रुपमा मात्र नदिखोलावाट वालुवा प्रशोधन गर्ने गरि अनुमति दिन कानून निर्माण गर्न वान्छनीय भएकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २(प) (७) मा उल्लेख भएको गिटिवालुवा को उत्खनन तथा उपयागेको दर्ता, खारेजी, अनुमति, नविकरण र व्यावस्थापन को लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) को अधिकार प्रयोग गरि गाउँकार्यपालिकाले यो कार्यविधि वनाइएको छ ।

१. **सक्षिप्त नाम र प्रारम्भ :-**

१. यस कार्याविधिको नाम "नदिजन्य वालुवा प्रशोधन सम्बन्धि कार्यलाई व्यवस्थित गर्न वनेको कार्यविधि २०७७, रहेको छ ।

२. यो कार्यविधि गाउँ कार्यपालिकावाट स्वीकृत भए पछि लागु हुने छ ।

२. **परिभाषा :-** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा

क) "गाउँपालिका" भन्नाले फिक्कल गाउँपालिका लाई जनाउदछ ।

ख) "नदिजन्य वालुवा" भन्नाले नदि वा खोलाले वगाएर ल्याएको नदि वा खोलाको वगरमा वा वन पाखामा वा किनारामा वा निजी जग्गा मा रहेको वालुवा लाई जनाउदछ। यस शब्दले वगरमा रहेका वालुवा मिसिएको मसिना प्रकृतिका ढुङ्गा वा गिट्टिलाई समेत जनाउने छ ।

ग) "अनुमति" भन्नाले नदिजन्य वालुवा प्रशोधन का लागि फिक्कल गाउँपालिकाले यस कार्यविधि वमोजिम प्रदान गरेको अनुमति पत्र सम्झनु पर्छ ।





घ) "प्रशोधन उद्योग" भन्नालेनदि वा खोला जन्य वालुवा लाई मेशिनको माध्यम द्धारा पानीको प्रयोग गरी धुने र वालुवामा मिसीएको गिट्टी, ढुङ्गा समेत छानी वालुवा तयार गर्ने उद्योगलाई सम्झनु पर्छ

ङ) "जोखिम पुर्ण अवस्था भएको स्थान" भन्नाले नदि वा खोलाको दिशा परिवर्तन हुन सक्ने वा भौगलिक रुपमा कमजोर भुवनोट भएको स्थान लाई सम्झनु पर्छ। यस शव्दले खोला वा नदिका प्रशोधन स्थल नजिक घर वा गाउँ वा सडक भई वालुवा उत्खनन एंव प्रशोधन गर्दा त्यस्तो घर / गाउँ / सडकलाई प्रत्यक्ष असर पर्ने जाने देखिएकोमा त्यस्तो स्थान लाई समेत वुझाउँदछ ।

च) "गाउँपालिका अध्यक्ष" भन्नाले फिक्कल गाउँपालिका अध्यक्षलाई सम्झनु पर्छ ।

छ) "उपाध्यक्ष" भन्नालेफिक्कल गाउँपालिका उपाध्यक्षलाई सम्झनु पर्छ ।

ज) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले फिक्कल गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत लाई सम्झनु पर्छ

झ) "कार्यापालिका" भन्नाले फिक्कल गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनु पर्छ ।

३. **अनुमति पत्रका लागि निवेदन दिनु पर्ने :**

१. नदिजन्य वालुवा प्रशोधन गर्न चाहने व्यक्ति वा सस्थाले वालुवा प्रशोधन गर्न चाहेको स्थानको सम्बन्धित वडा कार्यालयको सिफारिस र सो स्थानको प्रारिम्भक वातवरणीय परिक्षण प्रतिवेदन सहित अनुसूचि १ वमोजिमको फाराम भरी प्रमुख प्रशासकीय

अधिकृत समक्ष निवदेन दिनु पर्ने छ।

२. यसरी निवेदन पेश गर्दा आफुले प्रशोधन उद्योग संचालन गर्न चाहेको स्थान र वार्षिक अनुमानित प्रशोधित परिमाण समेत स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने छ। उक्त प्रशोधन उद्योग निजी जग्गामा राख्न चाहेको भए सम्बन्धित जग्गाधनि संग भएको सम्झौता, जग्गाधनि प्रमाण- पूर्जा र जग्गा धनिको नागरिक्ताको प्रतिलिपि समेत पेश गर्नु पर्ने छ।

३. वनक्षेत्रको जग्गामा, चुरेक्षेत्रमा वा भौगलिक रुपमा जोखिमपूर्ण स्थानमा प्रशोधन उद्योग संचालनको अनुमति दिईने छैन।

४. **अनुमति पत्र प्रदान गर्ने :**

१. अनुमति पत्रका लागि कार्यालयमा पर्न आएको निवेदन उपर दफा नं.३ को प्रक्रिया पुरा भए नभएको जाँचवुझ गरी प्रक्रिया पुरा भएको पाईएमा प्रमुख प्रशासकिय अधिकृतले कुनै अधिकृत कर्मचारीको नेतृत्वमा सम्बन्धित वडा सचिव र एक जना प्राविधिक सहितको टोलि वनाई स्थलगत निरीक्षण समेत गर्न लगाई प्रतिवेदन प्राप्त गर्नु पर्ने छ। यसरी प्राप्त प्रतिवदेन अनुसार उक्त स्थानमा प्रशोधन उद्योग संचालनका लागि अनुमति दिन उपयुक्त देखिएमा निर्णयका लागि कार्यापालिका समक्ष पेश गर्नु पर्ने।

२. उपदफा १ वमोजिम पेश भएको अनुमति पत्रका सम्बन्धमा कार्यपालिकाले अनुमति पत्र दिन उचित देखेमा अनुमति पत्र दिने गरी निर्णय गर्नु पर्ने छ। तर कार्यपालिकालाई यस विषयमा थप अध्ययन एंव जाचवुझ गर्नु पर्ने छ भन्ने लागेमा गाउँपालिका प्रमुख वा उप प्रमुखको संयोजकत्वमा ३ सदस्य टोली गठन गरी अध्ययन एंव जाचवुझ गराउन सक्ने छ।





३. कार्यपालिकावाट अनुमति दिने निर्णय भएमा तोकिएको दस्तुर लिई प्रमुख प्रशासकिय अधिकृतले अनुसूचि २ वमोजिमको अनुमति पत्र दिनु पर्ने छ।

५. **अनुमति पत्रको अवधि र नविकरण** :- १.२ दफा(४) को उपदफा ३ वमोजिम जारी गरीएको अनुमति पत्र दफा १२ वमोजिम खारेज भएकोवा प्रचलित कानुनमा अन्यथा व्यवस्था भएको अवस्थमा वाहेक चालु आर्थिक वर्षको आषाढ मसान्त सम्म मात्र मान्य रहने छ।

२. उपदफा (१) वमोजिम अनुमति पत्रको अवधि समाप्त भएको २ महिना भित्र (भदौ मसान्त भित्र ) अनुमति पत्र नविकरणका लागि प्रचलित कानुन वमोजिम को कर चुक्ता गरेको प्रमाण सहित नविकरणका लागि अनुसुचि- ३ को फाराम भरी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गुर्न पर्ने छ। कर चुक्ता गर्दा अन्य करका अतिरिक्त गाउँपालिकालाई बुझाउनु पर्ने कर तथा राजस्व पनि वुझाएको हुनु पर्ने छ।

३. उपदफा २ वमोजिम नविकरणका लागि निवेदन पर्न आएमा प्रमुख प्रशासकिय अधिकृत आफैले वा टोली खटाई उद्योगको स्थलगत अनुगमन गरी नदिजन्य वालुवाको उपलब्धता, वातावरणीय प्रभाव जोखिमको अवस्था तथा प्रशोधन उद्योगले प्रचलित ऐन, कानुन पालना गरे नगरेको, स्वीकृत IEE ले तोकेको परिमाण भित्र रहि प्रशोधन गरे नगरेको तथा कर, राजस्व दाखिला को स्थिति समेतको विश्लेषण गरी थप १ आर्थिक वर्षका लागि अनुमति पत्र नविकरण गर्न उपयुक्त भएमा प्रमुख प्रशासकिय अधिकृतले तोकिएको दस्तुर लिई अनुमति पत्र १ वर्षका लागि नविकरण गरि दिनु पर्ने छ।

४. यस दफा वमोजिम अनुमति पत्र निवकरण गर्दा वार्षिक रुपमा गर्नु पर्ने छ। तर हरेक २, २ वर्षमा वातवरणीय प्रभाव मूल्याकंन

प्रतिवदेन र सामाजिक परिक्षण (Social Audit) प्रतिवेदन पेश गर्न लगाउनु पर्ने छ ।

६. **प्रारम्भिक वातावरणीय परिक्षण वा वातावरणीय प्रभाव मूल्याकंन प्रतिवेदनको अनुसरण गर्नु पर्ने :-**

१. दफा ४ वमोजिम अनुमति पत्र प्रदान गर्दा गाउँपालिकाले गरेको प्रारिम्भक वातावरणिय परिक्षण प्रतिवेदन वा वातावरिणय प्रभाव मूल्याकंन प्रतिवेदनले नदिजन्य समाग्रि (ढुङ्ग, गिट्टी, बालुवा) उत्खनन् तथा विक्रि वितरण गर्न निर्देष्ट गरेका क्षेत्र र परिमाण भित्र रहेर मात्र प्रदान गर्नु पर्ने छ । प्रारिम्भक वातावरणीय परिक्षण नगराई वा वातवरणिय प्रभाव मूल्याकंन नगराई गाउँपालिकाले प्रशोधन उद्योग संचलान अनुमति दिने छैन ।

२. उपदफा १ वमोजिम गाउँपालिकाले गरेको प्रारिम्भक वातावरणीय परिक्षण वा वातावरणीय प्रभाव मूल्याकंनको क्षेत्रधिकार र परिमाण भित्र रहि प्रशोधन उद्योगले पनि आफनो प्रशोधन उद्योगको क्षमता र कार्यक्षेत्र (Coverage)लाई समटने गरी छुट्टै प्रारिम्भक वातावरणीय परिक्षण गर्नु पर्ने छ ।

३. वनक्षेत्रको जग्गामा रहेको नदिजन्य वालुवा उत्खनन प्रयोग गर्ने गरी वन क्षेत्र भन्दा वाहिर प्रशोधन उद्योग स्थापना गर्ने भए प्रारिम्भक वातावरणीय मूल्यार्कन गर्नु पूर्व सम्बन्धित वन कार्यालयको सहमति पनि प्राप्त गर्नु पर्ने छ ।

४. प्रारिम्भक वातावरणीय मूल्यार्कन वा वातावरणीय प्रभावन मूल्याकंन प्रतिवेदन को स्वीकृती प्रचलिन कानून वमोजिम तोकिएको निकायवाट हुने छ ।





७. **नदिजन्य वालुवा उत्खनन गरी प्रशोधन गर्न नपाईन अवस्था :**

१. यस कार्यविधि वमोजिम स्वीकृत नलिई कसैले पनि वालुवा उत्खनन गरी प्रशोधन गर्न हुदैन ।

२. वार्षिक स्वीकृत परिमाण भन्दा वढी प्रशोधन गर्न हुदैन ।

३. अनुमति प्राप्त क्षेत्र भन्दा वाहिर गई प्रशोधन गर्न हुदैन ।

४. पानी वगिरहेको नदिको पिधवाट उत्खनन गरी प्रशोधन गर्न पाईने छैन ।

५. नदि किनार तथा सम्वेदनशिल क्षेत्र (जस्तै पुल, वस्ति वनक्षेत्र सडक, पुरातात्विक महत्वका सम्पदा र हाईटेन्सनको टावर) वाट छाडनु पर्ने दुरी नछाडी उत्खनन गरी प्रशोधन गर्न पाईदैन ।

८. बालुवा उत्खननमा ठुला मेशिन प्रयोग गरी उत्खनन गरी प्रशोधन गर्नु हुदैन ।

९. नदिले वगाएर ल्याई थुपारेको अवस्थामा वाहेक राष्ट्रिय वन, सामुदायिक वन तथा चुरे क्षेत्र एंव अन्य सम्वेदनशिल क्षेत्रवाट उत्खनन गरी प्रशोधन गर्न हुदैन ।

१०. वातवरणीय अध्यन प्रतिवेदन र प्राविधिक प्रतिवेदनले उल्लेख गरे भन्दा वढि गहिराईमा आएर उत्खनन गरी प्रशोधन गर्नु हुदैन ।

११. अन्य प्रचलित कानून एंव संघ प्रदेश र गाउँपालिकाले दिएको निर्देशनको वर्खिलाप हुने गरि उत्खनन गरी प्रशोधन गर्न पाईने छैन ।

१२. स्थानीयरुपमा प्रदुषण फैलने गरी प्रशोधन गर्न पाईने छैन ।

८. **क्रशर उद्योगका रुपमा संचालन गर्न नपाईने :**

यस कार्यविधि वमोजिम वालुवा प्रशोधन गर्न प्राप्त भएको अनुमतिका आधारमा क्रशर उद्योग संचालन गर्न पाईने छैन। यो अनुमति विशुद्ध वालुवा धुने र स-साना गिट्टिहरु छान्ने (नफुटाई कन) कार्यका लागि सम्ममात्र मान्य हुने छ। क्रशर संचालनका लागि प्रचलित कानून वमोजिम छुट्टै अनुमति लिनु पर्ने छ।

९. **नदिजन्य वालुवा प्रशोधन उद्योग संचालन गर्दा पालना गर्नु पर्ने शर्तहरु :**

क) नदिजन्य वालुवा प्रशोधन उद्योगका लागि चाहिने पानी को लागि छुट्टै पोखरी निर्माण गरी उक्त पोखरीमा नदि वा अन्य कुनै माध्यमवाट पानीको व्यवस्थापन गर्नु पर्ने छ। नदिमा सोझै मोटर राखि प्रशोधन उद्योगमा पानी प्रयोग गर्न पाईने छैन।

ख) बालुवा प्रशोधन पश्चात निक्लिएको हिलो / धमिलो पानीको लागि पुन अर्को पोखरीको व्यवस्था गरि हिलो / मैलो थिग्रीए पछि सफा पानी मात्र नदिमा पठाईने व्यवस्था मिलाउनु पर्ने छ। प्रशोधन पश्चातको पानी सोझै नदि खोलामा मिसाउन पाईने छैन।

ग) प्रशोधन पश्चात निक्लएको वालुवार फोहर सहितको गेगर, ढुङ्गा लाई अलग अलग व्यवस्थापन गरी राख्नु पर्ने छ।

घ) प्रशोधन गर्दा सुर्योदय देखि सुर्यास्त सम्मको समयमा मात्र प्रशोधन गर्ने व्यवस्था मिलाउनु पर्ने छ।

ङ) यस कार्यविधि वमोजिम अनुमति प्राप्त गरी संचलानमा रहेको प्रशोधन उद्योगले हरेक महिना प्रशोधनको विवरण गाउँपालिकामा वुझाउनु पर्ने छ। साथै हरेक वर्षको आषाढ मसान्त भित्र वार्षिक उत्पदानको परिमाण तथा मौज्दात रहेको परिमाण को विवरण





गाउँपालिकामा पेश गर्नु पर्ने छ।

च) हाईटेन्सन लाईन, सडक किनारा वा पक्किपुल छेउमा प्रशोधन उद्योग सचालन गर्न वा त्यस्ता स्थानको वालुवा उत्खनन गरी प्रयोग गर्न पाईने छैन।

छ) कार्यपालिकाबाट तोकिएको दुरी सम्बन्धि मापदण्ड वा अनुमति प्रदान गर्दाका वखतमा उल्लेख भएका शर्तहरुको अनिवार्यरुपमा पालना गर्नु पर्ने छ।

ज) अनुगमन समितिले दिएको निर्देशन पालना गर्नु पर्ने छ।

झ) प्रवेश वा निकासी नाकाको व्यवस्थापन, मर्मत सम्भार आफै गर्नु पर्ने छ।

१०. **बिना अनुमति उत्खनन गर्न नपाईने :-**

कसैले पनि माछापोखरी निर्माण, पेट्रोलपम्प निर्माण आवास क्षेत्र निर्माण लगायतको वहनामा अनुमति विना गिट्टि, वालुवा उत्खनन गर्न र प्रशोधन गर्न पाउने छैन। निजी जग्गा वाट गिट्टि वालुवा उत्खनन गरी प्रशोधन गर्नु पर्ने भएमा गाउँपालिकाले तोके वमोजिमको थप दस्तुर तिरी अनुमति लिएर मात्र प्रशोधन गर्नु पर्ने छ।

११. **दस्तुर सम्बन्धि व्यवस्था :**

१. यस कार्यविधि वमोजिम अनुमतिका लागि दस्तुर लिदा गाउँपालिकाको आर्थिक एनेमा तोकिए वमोजिमको दस्तुर लिनु पर्ने छ। तर आर्थिक ऐनमा तोकिएर कायम हुन अगाडी सम्म देहाय वमोजिम को दस्तुर लिनु पर्ने छ।

क) अनुमति पत्र प्रदानगर्नको लागि रु.२५, ०००।००

ख) अनुमतिपत्र नविकरणका लागि रु.१५, ०००।००

ग) ठाँउसारी गर्नका लागि रु.१५, ०००।००

२. बालुवा प्रशोधन उद्योगले प्रशोधन गरेका वालुवा आफुले सोझै विक्रि वितरण नगरेको अवस्थामा वालुवा प्रति क्यूविक फिटको रु.०.२५।- का दरले मासिक रुपमा गाउँपालिकालाई कर स्वरुप तिर्नु पर्ने छ। उद्योग आफैले प्रशोधन सहित विक्रि वितरण समेत गर्ने भएमा गाउँपालिकले तोकेको संकलन तथ विक्रि दस्तुर थप तिर्नु पर्ने छ।

तर उक्त क्षेत्रमा गाउँपालिकाबाट ढुङ्गा, गिट्टि वालुवा संकलन तथा विक्रि वितरण का लागि ठेक्का आव्हान गरी ठेक्का लोगेको भए उद्योगको उत्पादनमा प्रतिक्यूविक फिटको रु.०.२५।- का दरले मात्र गाउँपालिका मा वुझाउनु पर्ने छ। अन्य दस्तुर सम्बन्धमा प्रशोधन उद्योग र ठेकेदार वीच भएको समझदारी अनुसार हुने छ।

**१२. अनुमति पत्रको खारेजी :**

१. देहायको अवस्थामा गाउँपालिकाले वालुवा प्रशोधनका लागि प्रदान गरेको अनुमति खारेज गर्न सक्ने छ।

क) झुट्टा विवरण पेश गरी अनुमति लिएको प्रमाणित भएमा

ख) म्याद भित्र नविकरण नभएमा

ग) यस कार्यविधिमा उल्लेख भएको शर्तहरुको पालना नगरेमा

घ) नियमानुसार तिर्नु वुझाउनु पर्ने कर, राजस्व नवुझाएमा

ङ) दफा १४ वमोजिम अनुगमन समिति को प्रतिवेदन का आधारमा कार्यपालिका वाट खारेज गर्ने निर्णय भएमा





२. उपदफा (१) वमोजिम अनुमति पत्र को खारेजी गर्न अगाडि गाउँपालिकाले प्रशोधन उद्योत संग स्पष्टिकरण माग गर्न उपयुक्त देखेमा समयतोकि स्पष्टिकरण सोध्न सक्ने छ।स्पष्टिकरण प्राप्त नभएमा वा चित्तवुझदो नभएमा गाउँपालिकाले अनुमति पत्र खारेज गर्न सक्ने छ।

३. यसरी प्रशोधन उद्योग अनुमति खारेज भएको जानकारी पत्र द्धारा वा स्थानीय पत्रपत्रिका मा सुचना प्रकाशित गरी गर्नु पर्ने छ।

**१३. प्रशोधन उद्योगको ठाँउ सारी सम्बन्धमा :**

१. नदिखोलाको वहाव परिवर्तन भई वा अन्य कुनै कारणले भौगलिक जोखिम उत्पन्न भई उद्योग संचालनमा समस्या हुने देखि साविकको IEE भएको क्षेत्र भन्दा अन्यन्त्र उद्योगको ठाउसारी गर्नु पर्ने भएमा पुनः IEE गरी सम्बन्धित वडा कार्यालयको सिफारिस सहित प्रमुख प्रशासकीय अधिकृत समक्ष निवदेन पेश गर्नु पर्ने छ।

२. उपदफा १ वमोजिम ठाँउसारी का लागि निवदेन पर्न आएमा प्रमुख प्रशासकीय अधिकृतले प्राविधिक को सहयोगमा स्थलगत निरीक्षण गरी यस कार्यविधिमा उल्लेखित शर्तहरु पुरा हुने अवस्था देखिएमा तोकिएकोदस्तुर लिई ठाउसारी अनुमति दिन सक्ने छ।

३. तर यसरी ठाउसारीको स्वीकृत दिदा नयाँ प्रस्तावित क्षेत्रमा अर्को प्रशोधन उद्योग संचालनमा रहेको भए कम्तिमा १ किलो मिटर भन्दा टाढा र संचालित उद्योगका IEE क्षेत्रमा भन्दा वाहिर पर्ने गरी मात्र अर्को उद्योग संचालन गर्ने गरी अनुमति दिनु पर्ने छ।

**१४. अनुगमन समिति सम्बन्धि व्यवस्था :**

१. सघिय सरकार वा प्रदेश सरकारवाट भएको अनुगमन सम्बन्धि

व्यवस्थाका अतिक्ति वालुवा प्रशोधन उद्योगको वारेमा अनुगमन गर्न देहाय अनुसारको एंक समिति रहेने छ ।

क) गाउँपालिका अध्यक्ष -सयोजक

ख) गाउँपालिका उपाध्यक्ष -संदस्य

ग) प्रमुख प्रशासकिय अधिकृत -सदस्य

घ) सम्बन्धित वडाध्यक्ष वा निजले तोकेको वडा सदस्य -सदस्य

ङ) प्रमुख प्रशासकिय अधिकृतले तोकेको अधिकृत स्तरको कर्मचारी - सदस्य सचिव

२. उपदफा १ वमोजिम गठित समितिले नियमित रुपमा वा आकस्मिक रुपमा अनुगमन, निरीक्षण गर्न सक्ने छ। अनुगमनका क्रममा प्रशोधनउद्योग को सुधार वा व्यवस्थापनका लागि निर्देशन दिन सक्नेछ ।

३. अनुगमन समितिले दिएको निर्देशनको पालना गर्नु सम्बन्धित उद्योगको दायित्व हुने छ ।

४. अनुगमनका क्रममा यस कार्यविधि वमोजिमका शर्तहरु पुरा नगरेको वा उल्लघन गरेको पाईएमा अनुगमन समितिले तत्काल स्पष्टिकरण सोध्न सक्ने छ। लगातार ३ पटक सम्म अनुगमन गर्दा पनि सुधार नभएको वा शर्तहरु पुरा नभएको वा उल्लधन भईरहेको पाईएमा उद्योगको अनुमति खारेज गर्न कार्यपालिका समक्ष पेश गर्न सक्ने छ। यसरी अनुमति खारेज गर्न कार्यपालिका समक्ष पेश गर्ने गरी पेश भएको अवस्थामा कार्यपालिकावाट खारेज गर्ने गरि निर्णयार्थ भएमा प्रमुख प्रशासकिय अधिकृत ले उक्त अनुमति पत्र रद्ध गरी सम्बन्धित





उद्योग वन्द गर्न लगाउनु पर्ने छ ।

५. यस दफा वमोजिम अनुगमन गर्दा अनुगमनमा जाने पदाधिकारीहरुलाई खाजा, खाना खर्च वापत प्रति दिन प्रति व्यक्ति रु.१०००।- दरले खर्च रकम उपलब्ध गराईने छ। यसरी गरिएको अनुगमनको प्रतिवेदन वा सो सम्बन्धी वैठकको निर्णय अनिवार्य रुपमा समावेश गर्नु पर्ने छ ।

**१५. कार्यपालिकाको निर्णय अनुसार हुने :**

यस कार्यविधिमा उल्लेखित विषयहरु सम्बन्धमा द्विविधा भई स्पष्टहुनु पर्ने भएमा वा कुनै थप विषयमा निर्णय गर्नु पर्ने भएमा गाउँकार्यपालिकाको निर्णय अनुसार हुने छ ।

## अनुसूचि - १

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित )

श्रीमान प्रमुख प्रशासकिय अधिकृत

फिक्कल गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

सिन्धुली ।

**बिषय : वालुवा प्रशोधन उद्योग संचालन अनुमति पाउँ ।**

प्रस्तुत विषयमा म / हामी यस गाउँपालिका भित्र भई वग्ने ............ नदीको वहाव क्षेत्रभित्र वडा नं........ स्थित..... ठाउँमा उक्त नदिवाट निस्कने वालुवा उत्खननू गरी प्रशोधन गर्ने उद्योग (वालवा धुने उद्योग ) स्थापना गर्न ईच्छुक भएको हुदाँ देहाय अनुसारको विवरण भरी देहाय वमोजिमका कागजातहरु संलग्न राखी अनुमति का लागि तहाँ गाउँपालिका समक्ष यो निवेदन पेश गरेको छ / छौ ।

१. उत्खननू एंव प्रशोधन गर्ने व्यक्ति / फर्म/ कम्पनीको :

नाम :-

ठेगाना :-

दस्तखत :-

मिति :-

प्रोपाईटरको नाम ( फर्म/ कम्पनीको हकमा) :-





प्यान/ भ्याट नं. :-

२. उत्खननू र प्रशोधन गर्ने स्थान :

नदि/ खोलाको नाम :- वडा नं. :- स्थान :-

उत्खननू / प्रशोधन को क्षेत्र (चार किल्ला) IEE मा स्वीकृत भए अनुसार :

पूर्व : पश्चिम :

उत्तर : दक्षिण :

**संलग्न कागजात हरु :**

क) स्वीकृत IEE प्रतिवेदन

ख) फर्म / कम्पनि भए दर्ता प्रमाण-पत्र (उद्योग / घरेलु, कम्पनि रजिष्टार, प्यान, भ्याट)

ग) नेपाली नागरिकताको प्रतिलिपि (फर्म वा कम्पनिको हकमां प्रोपाईटरको)

३. IEE अनुसार वार्षिक रुपमा उत्खननू / प्रशोधन गर्न सकिने परिमाण

४. प्रवेश / निकासी गर्ने नाका वा स्थानको नाम

५. उत्खननू / प्रशोधनमा प्रयोगहुने मेशिन तथा सवारी साधनको विवरण

६. उत्खननू / प्रशोधनमा पश्चात विक्रि वितरण गर्ने .... स्थान :

७. विक्रि वितरणका लागि कुनै आयोजना / ठेकेदारसंग सम्झौता भएको भए सो को विवरण

## अनुसूचि - २

दफा ४ को उपदफा (३) संग सबन्धित)

फिक्कल गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय, सिन्धुली

वागमती प्रदेश

### नदी/ खोला जन्य वालुवा, उत्खनन्/ प्रशोसधन ईजाजत – प्रमाण पत्र

मिति :-

ईजाजत नं. :-

१. उत्खनन् / प्रशोधन गर्न अनुमति प्राप्त व्यक्ति/ फर्म/ कम्पनीको

नाम : ठेगाना :

प्यान/ भ्याट नं. : प्रोपाईटरको नाम :-

२. उत्खनन् / प्रशोधन गर्ने स्थान

ठेगाना :-

नदि/ खोलाको नाम् :-

उद्योग रहने स्थान :-

३. प्रशोधनका लागि वालुवा प्रयोग गर्ने / उत्खनन् गर्ने स्थान को चार किल्ला :

पूर्व : पश्चिम :





उत्तर : दक्षिण :

लम्वाई : चौडाई :

Location : G.P.S :

४. IEE अनुसार उत्खनन् / प्रशोधन गर्न सकिने परिमाण :

५. उत्खनन् / प्रशोधन को अनुमति परिमाण (घनमिटर) :

६. प्रवेश वा निकासी गर्ने नाका / स्थानको नाम :

७. उत्खनन्/ प्रशोधनमा प्रयोग हुने मेशिन तथा सवारी साधनको विवरण :

८. प्रशोधित वालुवाको घाटगद्धि गर्ने स्थानको :

ठेगाना : वडा नं. :

गाँउ :

अनुमति दिने पदाधिकारी :

नाम, थर :

पद :

हस्ताक्षार :

मिति :

कार्यायको छाप :

अनुसूचि - ३

(दफा ५ को उपदफा (२) सँग सम्बन्धित )

श्रीमान प्रमुख प्रशासकिय अधिकृत

फिक्कल गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

सिन्धुली ।

**बिषय : अनुमति – पत्र नविकरण सम्बन्धमा ।**

प्रस्तुत विषयमा म / हामि यस गाउँपालिका भित्र भई वग्ने ………… नदीको वहाव क्षेत्रभित्र वडा नं........ स्थित..... ठाउँमा उक्त नदिवाट निस्कने वालुवा उत्खनन् गरी प्रशोधन गर्ने उद्योग (वालवा धुने उद्योग) संचालन भईरहेको हुँदा देहाय अनुसारको विवरण भरी देहाय वमोजिमका कागजात हरु संलग्न राखि अनुमति-पत्र नवकिरणका लागि तहाँ गाउँपालिका समक्ष यो निवेदन पेश गरेको छ / छौ ।

१. उत्खनन् एंव प्रशोधन गर्ने व्यक्ति / फर्म/ कम्पनीको :

नाम :-

ठेगाना :-

दस्तखत :-

मिति :-



प्रोपाईटरको नाम ( फर्म/ कम्पनीको हकमा) :-

प्यान/ भ्याट नं. :-

२. उद्योग संचालन भएको स्थान :

नदि/ खोलाको नाम :- वडा नं. :-

स्थान :-

उत्खनन् / प्रशोधन को क्षेत्र (चार किल्ला) IEE मा स्वीकृत भए अनुसार :

पूर्व : पश्चिम :

उत्तर : दक्षिण :

३) नविकरणका लागि संलग्न कागजात हरु :

क) फर्म / कम्पनि भए दर्ता प्रमाण पत्र (उद्योग / घरेलु, कम्पनी रजिष्टार, प्यान, भ्याट)

ख) सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर चुक्ता गरेको पत्र ।

ग) गाउँकार्यपालिकामा व्यावसाय कर वुझाएको प्रमाण ।

घ) हरेक २/२ वर्षमा वातावरणीय प्रभाव मूल्याकंन र सामाजिक परिक्षण प्रतिवेन ।

४. नविकरण अवधि :

१. नविकरणको अवधि एक वर्षको हुने छ ।

२. अनुमति पत्रको अवधि समाप्त भएको २ महिना भित्र उल्लेखित अनुसार निवेदन दिनु पर्ने

३. तोकिएको समय भित्र निवेदन पेश नभएमा नियमानुसार दोव्वर दस्तुर लाग्ने ।

आज्ञाले

नि.प्रमुख प्रशासकीय अधिकृत